दिप्रुङ चुइचुम्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङसीलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल

प.स.२०८१/०८२
सूचना नं. ३६

मितिः२०८१/०९/०२
"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"

# सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०२)**

यस दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ, कोशी प्रदेशमा यस गाउँ कार्यपालिका र गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा देहाय बमोजिमको पद/सेवा/समूह/तहमा सेवा करार गरी कर्मचारी पदपूर्ती गर्नुपर्ने भएकोले यस सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तोकिएको शर्तहरूभित्र रही दरखास्त पेश गर्न हुन सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

| विज्ञापन नं. | पद | सेवा/समूह/तह | माग | न्यूनतम शैक्षिक योग्यता | दस्तुर (ने. रू.) |
|---|---|---|---|---|---|
| ०५/२०८१/०८२ | अ.न.मी. (२४ घण्टे) | स्वास्थ्य सेवा/प.हे.न. समूह/चौथो तह | १ जना | नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी वा सो सरह उतीर्ण गरेको। | ८००/- |
| ०६/२०८१/०८२ | अ.हे.व. | स्वास्थ्य सेवा/हे.ई समूह/चौथो तह | १ जना | नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी वा सो सरह उतीर्ण गरेको। | ८००/- |

१. सेवाको किसिमः सेवा करार
२. दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरू:
   - शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   - पासपोर्ट साइजको फोटो (३ प्रति)
   - कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
   - Nepal Health Professional Council/Nepal Nursing Council मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (प्रमाण पत्र अनिवार्य रूपमा नवीकरण गरिएको हुनुपर्नेछ)
३. उमेरको हदम्यादः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग भएका उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
४. तलब तथा करार अवधिः गाउँपालिकासँग हुने करार सम्झौतामा उल्लेख भए बमोजिम।
५. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः सानिमा बैंक, दिप्रुङ शाखा, ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०७१०१००४००००१४ (GA 1.1 ANTARIK RAJASHWO KHATA)मा जम्मा गरी उक्त भौचर दरखास्त फारमका साथ पेश गर्नुपर्नेछ।
६. दरखास्त फारम बुझाउने स्थानः दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन, योजना तथा अनुगमन शाखा अथवा यस कार्यालयको ईमेल ठेगाना ito.diprungmun@gmail मार्फत समेत आवश्यक कागजातहरू PDF बनाई मर्ज गरी आवेदन साथ ईमेल गर्ने
७. परीक्षाको किसिमः लिखित, प्रयोगात्मक र मौखिक।
८. पाठ्यक्रमको रूपरेखाः गाउँपालिकाले प्रकाशन गरेको पाठ्यक्रममा आधारित हुनेछ।
९. परीक्षा सम्बन्धी जानकारीः पछि प्रकाशन गरिनेछ।
१०. अ.न.मीको हकमा SBA तालिम प्राप्त, स्थानीय र कार्य अनुभवलाई प्राथमिकता दिईनेछ।
११. अ.हे.व.को हकमा मोटरसाइकल चलाउन सक्ने र उक्त सवारी साधनको इजाजत प्राप्त उम्मेदवारलाई प्राथमिकता दिईनेछ।
१२. थप जानकारीको लागिः सम्पर्क नं. ९८४३४२१९२६
१३. आवदेन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ।

(नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।)

(पिरस्थी चाम्लिङ राई)
नि. प्रमुख प्रशासकीय अधिकृत